
Vol.10 नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2020.07

## हानेदा इनोभेसन सिटी (HANEDA INNOVATION CITY) को बारेमा






हानेदा इनोभेसन सिटी भनेको हानेदा विमानस्थल वरिपरिको स्थानमा सुरु हुने "अत्याधुनिक उद्योग" र "सांस्कृतिक उद्योग" को मिलन गराई नयाँ उद्योग र मूल्यको सृजना गर्ने नवीन सहर हो। यो सहरमा आउने व्यक्तिहरूले चालक बिना आफै चल्ने सेन्सर भएको बस, हावामा प्रक्षेपण गरी, भौतिक रूपमा नछोईकन चलाउन सकिने डिस्प्ले, AI रोबोटले दिने पर्यटन सम्बन्धी जानकारी जस्ता अत्याधुनिक प्रविधिको अनुभव गर्न सक्नेछन्। साथै तपाईंहरूले जापानी संस्कृति अनुभव गर्न सक्ने निम्न प्रकारका कुराहरू विचार गरिरहेका छौं। रमाईलो गर्न तयार भएर बस्नुहोस्।



### हिँड्ने डेक (इनोभेसन कोरिडोर)

यो प्रत्येक भवनसँग जोडिएको मुख्य मार्ग हो। सुसी, तेम्पुरा जस्ता जापानी खाना र तोन्काचु, हानेचुकी ग्योजा जस्ता ओता सहरको स्थानीय खानाहरू खान सकिने पसलहरू लहरै हुनेछन्।



### आसियु (तातो पानीमा खुट्टा डुबाउने ठाउँ) स्काइ डेक

नि:शुल्क आसियुको आनन्द लिँदै हानेदा विमानस्थलमा बस्ने र विमानस्थलबाट उड्ने हवाई-जहाजहरू हेर्न सकिन्छ।



### जापानी संस्कृति अनुभव गर्न सकिने प्रकारको व्यापारिक सुविधाहरू

डिजिटल आर्ट, ध्यानमग्न बनाउने प्रस्तुती र आधुनिक प्रविधिद्वारा वास्तविकता र काल्पनिक वास्तविकता मिश्रित संसार अनुभव गर्न सकिन्छ। यो सहर विषेश अत्याधुनिक उद्योग र सांस्कृतिक उद्योगको मिश्रण अनुभव गर्न सकिने ठाउँहरू मध्येको एक हो।

विस्तृत जानकारीको लागि — "HANEDA INNOVATION CITY" आधिकारिक होमपेज

| | |
|---|---|
| जाने तरिका | सहरको नाम: हानेदा इनोभेसन सिटी (HANEDA INNOVATION CITY)<br>छोटो नाम: HICity (एचआइ सिटी) |
| ठेगाना | हानेदा विमानस्थल 1-1-4<br>केइक्यु एर्पोर्ट लाइन र टोक्यो मोनोरेल "तेन्कुबासी स्टेसन" डाइरेक्ट कनेक्सन<br>साइकल राख्ने ठाउँ र पार्किङको व्यवस्था छ |


# ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन प्रयोग गर्नुहोस्

हामीले स्मार्ट फोनमा प्रयोग गर्न सकिने स्रोत र फोहोरको नि:शुल्क एप्लिकेसन सुरु गरेका छौं। यो एप्लिकेसनमा फोहोर क्यालेन्डर हेर्ने, फोहोर वर्गीकरण शब्दकोशमा नबुझेको फोहोरबारे जानकारी लिने, अलर्ट सेवाको प्रयोग गरेमा फोहोर सङ्कलनको अघिल्लो दिन वा फोहोर सङ्कलनको दिन सूचना प्राप्त गर्न सकिने जस्ता विभिन्न उपयोगी सुविधाहरू भएको हुनाले, यो एप्लिकेसनको प्रयोग गरी, यसको लाभ उठाउनुहोस्।

एप्लिकेसन डाउनलोड गर्नको लागि, "App Store" अथवा "Google Play" मा "大田区ごみ分別 (ओता सहर फोहोर वर्गीकरण)" टाइप गरेर खोज्नुहोस्।

App Store

Google Play





सम्पर्क

सरसफाइ शाखा

☎ 03-5744-1628 FAX 03-5744-1550

E-mail kan-seso@city.ota.tokyo.jp


# राष्ट्रिय जनगणना सर्वेक्षण 2020 गरिने

## सर्वेक्षणबारे

अक्टोबर 1 तारिखदेखि जापानभरि एकैसाथ जनगणना गरिनेछ। उमेर, राष्ट्रियता जे भए पनि, जापानमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरू यस जनगणनाको दायरामा पर्नेछन्। जनगणनाबाट आएको नतिजा, जापान सरकार र स्थानीय सरकारले सामना गर्ने चुनौतीहरूको लागि आधारभूत सामग्री हुनेछ। सबैजनालाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।

## सर्वेक्षण विधि तथा अवधि

गणकद्वारा सेप्टेम्बरको 1 तारिखदेखि 10 तारिखसम्म जनगणनाको कागजात वितरण गरिनेछ। इन्टरनेटमा वा सर्वेक्षण फाराम भर्ने (फिर्ता पठाउने खाम पनि हुनेछ), मध्ये कुनै एक विधिद्वारा जवाफ दिनुहोस्। जवाफ दिने अवधि सेप्टेम्बर 14 तारिखदेखि अक्टोबर 7 तारिख हो।




सम्पर्क

स्थानीय शक्ति प्रवर्द्धन शाखा, तथ्याङ्क तथा सर्वेक्षण कर्मचारी

☎ 03-5744-1186 FAX 03-5744-1518

E-mail toukei@city.ota.tokyo.jp

# साइकल नियमहरू संशोधन गरियो।



2019 साल अक्टोबर 1 तारिखमा ओता सहरले “ओता सहर साइकल आदिको उचित प्रयोग तथा साइकल आदि पार्किङ गर्ने व्यवस्था सम्बन्धि नियमहरू” संशोधन गरी, साइकलको ट्राफिक नियमहरूको पालना गर्न अनिवार्य गरिएको छ। साथै 2020 साल जनवरी 1 तारिखदेखि, **साइकल प्रयोगकर्ताहरूलाई साइकलको लक लगाउने जस्ता चोरी नहुने उपायहरू अपनाउन अनिवार्य गरिएको छ।**

विगत केही वर्षहरूमा ओता सहरमा साइकल दुर्घटना बढिरहेको छ। जापानमा साइकल चालक दोषी ठहर भई क्षतिपूर्तिस्वरूप ठूलो रकम तिर्नु परेका उदाहरणहरू पनि देखिइरहेका छन्। टोक्यो महानगरपालिकामा पनि 2020 साल अप्रिल 1 तारिखदेखि **साइकलको दायित्व बिमालाई अनिवार्य गरिएको छ। नियम र मर्यादाको पालना गरी साइकल चलाउनुहोस्।** आफूलाई पनि बचाउनुहोस् र अरूलाई पनि बचाउनुहोस्।

साथै ओता सहरमा साइकल चोरी हुने क्रम बढ्दो छ। लक नगरिएको साइकल बढी चोरी हुने गरेको पाइन्छ। साइकल पार्किङ गर्ने ठाउँ र आफ्नै घरको निजी जग्गाबाट चोरी हुने साइकल पनि कम भने छैनन्। साइकलबाट ओर्लिएपछि लक गर्न जस्ता चोरी नहुने उपायहरू अपनाउनुहोस्। 2 ठाउँमा लक गर्दा प्रभावकारी हुन्छ।

सम्पर्क
शहरी पूर्वाधार विकास व्यवस्थापन ट्राफिक सुरक्षा तथा साइकल व्यापक योजना जिम्मेवार कर्मचारीp
☎ 03-5744-1315　FAX 03-5744-1527
E-mail　toshikan@city.ota.tokyo.jp

# निवासी करको भुक्तानी बारे (दोस्रो चरण)

दोस्रो चरणको विशेष सहर कर तथा महानगरपालिका कर (निवासी कर) को भुक्तानी म्याद अगस्ट 31 तारिख हो।
म्याद भित्र भुक्तानी गर्नुहोस्। तेस्रो चरणको भुक्तानी म्याद नोभेम्बर 2 तारिख हो। कर भुक्तानी गर्न नबिर्सिनुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

सम्पर्क
कर भुक्तानी शाखा
☎ 03-5744-1205　FAX 03-5744-1517
URL　https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

# नागरिक स्वास्थ्य बिमाको प्रयोग अधिकार गुमाएपछिको चिकित्सा खर्च फिर्ता

काम गर्ने ठाउँको स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको खण्डमा, अनिवार्य रूपमा ओता सहरको नागरिक स्वास्थ्य बिमा रद्द गर्नको लागि आवेदन दिई, ओता सहरको बिमा कार्ड फिर्ता गर्नुहोस्।
काम गर्ने ठाउँको स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको खण्डमा, अन्य बिमामा आबद्ध भएको दिन वा ओता सहरबाट अन्य ठाउँमा घर सरेको दिन पछि ओता सहरको नागरिक स्वास्थ्य बिमाको प्रयोग गर्न पाउने अधिकार नरहने हुनाले, ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गर्न सकिँदैन। प्रयोग अधिकार नरहेको अवधिमा ओता सहरको नागरिक स्वास्थ्य बिमाको बिमा कार्ड प्रयोग गरी स्वास्थ्य संस्थामा जाँच गराएको खण्डमा, ओता सहरले बेहोरेको चिकित्सा खर्च (कुल चिकित्सा खर्चको 70% देखि 90%) फिर्ता गरी, आफू आबद्ध भएको स्वास्थ्य बिमा आदिसँग आफैले माग गर्नुपर्नेछ। नयाँ बिमा कार्ड जारी गरिनु अगाडि स्वास्थ्य संस्थामा जाँच गराउने बेला, प्रक्रिया गरिरहेको स्वास्थ्य बिमा आदिसँग सल्लाह गरी, स्वास्थ्य संस्थामा पनि प्रक्रिया भइरहेको कुरा भन्नुहोस्।

सम्पर्क
नागरिक स्वास्थ्य तथा पेन्सन शाखा, नागरिक स्वास्थ्य सुविधा जिम्मेवार कर्मचारी
☎ 03-5744-1211　FAX 03-5744-1516
https://www.city.ota.tokyo.jp/seikatsu/kokunen/kokuho/kanyuu.html



# “विदेशी अभिभावकको लागि प्राथमिक विद्यालयको जानकारी” उपयोग गर्नुहोस्।

**ओता सहरको प्राथमिक विद्यालयमा अध्ययन गर्ने विचार गरिरहेका विदेशी राष्ट्रसँग सम्बन्ध भएका बालबालिका र ती बालबालिकाका अभिभावकहरूको लागि**

जापानको प्राथमिक विद्यालयमा तपाईंहरूको देशको भन्दा फरक प्रणाली र नियमहरू छन्। आफ्नो बालबालिकालाई प्राथमिक विद्यालयमा अध्ययन गराउने इच्छा भएको तर थाहा नभएको कुरा धेरै भएर “के गर्नु पर्छ होला?” भनेर सोचेर बसुभएको त छैन? तपाईंहरूको चिन्ता थोरै भएपनि कम होस् र बालबालिकाहरू ढुक्क भएर प्राथमिक विद्यालयमा अध्ययन गर्न सकून् भनेर हामीले यो पुस्तिका तयार गरेका छौं। पढ्न नछुटाउनुहोला।

## मुख्य विषयवस्तुहरू

- प्राथमिक विद्यालयमा भर्ना हुनु अगाडि गर्ने कुराहरू
- प्राथमिक विद्यालयको 1 वर्षको अवधि
- विद्यालयको 1 दिन
- अभिभावक (बुबा वा आमा) ले गर्ने कुराहरू
- विद्यालयमा तिर्ने पैसा
- विद्यालयमा प्रयोग गर्ने भाषा आदि

## कहाँ

अन्तर्राष्ट्रिय सहर ओता संघको होमपेजबाट डाउनलोड गर्न सकिन्छ।
https://www.ota-goca.or.jp/schoolguide/

## कति

कागजको पुस्तिका चाहने व्यक्तिले ओता सहर अन्तर्राष्ट्रिय संघमा खरिद गर्न सक्नुहुनेछ।
एउटा पुस्तिकाको 300 येन

## भाषा

6 वटा भाषाहरूमा बनाइएको छ। सबैमा एकै कुरा लेखिएको छ।

- सजिलो जापानी भाषा
- टागालाग
- अंग्रेजी
- नेपाली
- चाइनिज
- भियतनामिज



## अनुरोध

यो पुस्तिकामा ओता सहरद्वारा सञ्चालित प्राथमिक विद्यालयको रूपरेखाबारे व्याख्या गरिएको छ। स-साना कुराहरू भने विद्यालय अनुसार फरक हुने हुनाले, नबिर्सिकन आफ्नो बालबालिका अध्ययन गर्ने प्राथमिक विद्यालयको शिक्षकलाई सोध्नुहोस्।

**सम्पर्क**

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail info@ota-goca.or.jp
URL https://www.ota-goca.or.jp/

## अन्तर्राष्ट्रिय सहर ओता संघ [बहुभाषी परामर्श काउन्टर]

### खुला रहने समय

| आर्थिक वर्ष 2020 साल | |
|---|---|
| अंग्रेजी | सोम•मंगल•बुध•शुक्रबार 10:00 am~5:00 pm |
| चाइनिज | सोम•मंगल•बिही•शुक्रबार 10:00 am~5:00 pm |
| टागालाग | सोम•शुक्रबार 10:00 am~5:00 pm |
| नेपाली | बुधबार 10:00 am~5:00 pm |
| भियतनामिज | बिहीबार 10:00 am~5:00 pm |

अन्य भाषाहरूमा पनि परामर्श लिन सकिन्छ। सोधपुछ गर्नुहोस्।
वकिल परामर्श (अगाडि नै नाम लेखाउनुपर्ने): पहिलो र तेस्रो आइतबार 1:00 pm~5:00 pm

**सम्पर्क**


अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर
ठेगाना: ओता सहर, खामाता 5-13-26 उपभोक्ता केन्द्र 1F
☎ 03-6424-8822 FAX 03-5710-6330
Email: info@ota-goca.or.jp

## ◇◇◇◇◇◇◇ बहुभाषी परामर्श काउन्टरमा उपलब्ध सेवाहरू ◇◇◇◇◇◇◇

**दैनिक जीवन सम्बन्धी परामर्श**
भाषा सम्बन्धी समस्या, बच्चाको कुरा, विवाह, सम्बन्ध विच्छेद, कामको कुरा आदिबारे विभिन्न भाषाहरूमा परामर्श लिन सकिन्छ।

**दोभासे**
ओता सहर कार्यालयको मुख्य भवनको काउन्टरमा दोभासे पनि सँगै जानुहुन्छ र दोभासेले प्रशासनिक प्रक्रिया आदि उल्था गरी तपाईंलाई बुझाइदिनुहुन्छ।

**अनुवाद**
ओता सहर कार्यालयमा पेस गर्ने प्रमाणपत्र आदिको अनुवाद गरिन्छ। अनुवाद शुल्क लाग्नेछ। (एउटा पत्रको 500 येन)




प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323